**Magar Association United Kingdom (MAUK)**
70 Cove Road
Farnborough, Hampshire GU14 0EN
Established: 27 July 2002 Registered Charity No: 1126656
www.magaruk.org
E: generalsecretarymauk@gmail.com

REF: MAUK/GEN/062

Tuesday, 16 May 2023

# प्रेस विज्ञप्ति

नेपाली ओपन कन्सर्ट २०२३ को लागि बेलायतमा आमन्त्रित कलाकारहरुलाई अपमान गर्दै फर्काइयो भन्ने शिर्षकमा विभिन्न संचार माध्यमहरुमा छापिएको भ्रमपूर्ण र कपोलकल्पित समाचारप्रति मगर संघ युकेको गम्भिर ध्यानाकर्षण भएको छ ।

'एकताका लागि संगीत' भन्ने सन्देशसहित मगर संघ युकेको आयोजनामा १३ मे २०२३ का दिन १५औं नेपाली ओपन कन्सर्ट फानबोरो स्टेडियम युकेमा बेलायतका लागि नेपाली राजदुत ज्ञान चन्द्र आचार्यको प्रमुख अतिथ्यता तथा नेपाली संगीत क्षेत्रका चर्चित कलाकारहरु प्रमोद खरेल, ज्योति मगर र छेवाङ लामा लगाएतका कलाकारहरुको बेजोड प्रस्तुतिसहित भब्यताका साथ सम्पन्न भएको जानकारी गराउँदछौं ।

नेपालवाट आमन्त्रित तीनै जना कलाकारहरुसंग भएको पूर्व सहमति बमोजिम नै उहाँहरुको बेलायत भिजिटको सम्पूर्ण प्रबन्ध मगर संघ युकेले गरेको हुँदा भिजा प्रक्रियादेखिकै सम्पूण खर्च, आथिथ्यता तथा पारिश्रमिक उपलब्ध गराइएको र उहाँहरुकै सहमतिमा रिटर्न टिकट कन्फर्म गरिएको ब्यहोरा समेत जानकारी गराउँदछौं ।

नेपालका विभिन्न लोकप्रिय संचार माध्यममा छापिएको समाचार कलाकारहरुलाई अपमान सहनुपरेको, उहाँहरुको इच्छा विपरित जवर्जस्ती नेपाल फर्काइएको, बासी खाना खुवाएको, र फ्यानहरुलाई भेट्न नदिन टेन्टभित्र लुकाएर राखेको जस्ता भ्रमपूर्ण, कपोलकल्पित र मगर संघ युकेलाई बदनाम गर्ने नियतवाट प्रकाशित समाचारप्रति हामी खेद ब्यक्त गर्दछौ । कार्यक्रममा सवै निवर्तमान अध्यक्षज्यूहरु, ट्रस्टीज्युहरु, मगर संघका शाखाका अध्यक्षज्युहरु, आमन्त्रित संघ संस्थाका पाहुनाज्युहरु साथै विभिन्न आमन्त्रित पाहुनाहरुसहित ३ हजारभन्दा बढी दर्शकहरुको उपस्थिति रहेको थियो । समाचारको श्रोत र समाचारदाताको नाम नराखी छापिएको सो समाचार ब्यवसायिक पत्रकारिताको आधारभूत कर्तव्य भन्दा

वाहिर भएर गरेको देखिन्छ । अतः यस्ता भ्रमपूर्ण र कपोलकल्पित सो समाचारको खण्डन गर्दै आगामी दिनमा मगर संघ युकेको सम्वन्धमा त्यस किसिमका समाचारहरु नछाप्न सचेततापूर्ण आग्रह गर्दछौं ।

अन्तमा, मगर संघ युकेको आयोजनामा सम्पन्न नेपाली ओपन कन्सर्ट २०२३ मा सहभागी दर्शकहरु, आमन्त्रित पाहुनाहरु, आजीवन सदस्यहरुलगाएत सम्पूर्ण आमा, वुवा, दाजुभाइ तथा दिदिबहिनीहरुलाई विभिन्न संचार माध्यममा छापिएको समाचार भ्रमपूर्ण र कपोलकल्पित समाचारको भ्रममा नपर्न हामी हार्दिक अनुरोध गर्दछौं ।

जय मगर संघ युके ।

सीता पुन मगर
अध्यक्ष

गुमान सिङ थापा मगर
महासचिव